# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प. सं. ३/२०७७/०७८ प्र. ज. वि. शा.

च. नं. ४०६

मिति: २०७७/०४/२८

विषयः जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),

भरतपुर महानगरपालिका ।

कोभिड– १९ को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, चितवनबाट मिति २०७७/०४/२७ गते प्राप्त निर्णयको छायाँप्रति यसैसाथ संलग्न छ। उक्त निर्णयको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराई संक्रमण रोकथाम तथा नियन्त्रणका लागि निर्णयमा उल्लेख भए अनुसारका कार्यहरु गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

...............................

(झलककुमार श्रेष्ठ)

अधिकृतस्तर सातौं

अधिकृत स्तर सातौं

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४

E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np

(मन्त्रिपरिषद्‌बाट महानगरपालिका घोषणा मिति: फागुन २७, २०७३)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.:
दर्ता मिति:

निर्णयहरु

१. बन्दा बन्दीको अन्त पश्चात मानिसहरुको आवागमन वृद्धि भएको र बाहिरबाट आउने मानिसका कारण कोभिड १९ को संक्रमण समुदाय स्तरमा फैलिने संभावना भएको, कार्यालय तथा संघसंस्थाहरुमा हुने जमघटले संक्रमणलाई नियन्त्रण बाहिर लैजान सक्ने संभावना भएकोले तथा बढि भिडभाडका कारण थप जोखिम बढेको पाइएकोले संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट निम्न लिखित कार्य गर्ने ।

(क) आफ्नो क्षेत्रमा मानिसहरुले मास्क लगाए नलगाएको, सार्वजनिक स्थानहरुमा भौतिक दुरी कायम गरे नगरेको, बैंक तथा वित्तिय संस्था (मनि ट्रान्सफर, वचत सहकारी आदि), चिया पसल, होटल, सार्वजनिक यातायात, व्यापारिक मल, सरकारी कार्यालयहरुमा स्वास्थ्य सम्बन्धी मापदन्ड पालना गरे नगरेको, उद्योग तथा व्यापारिक प्रतिष्ठानहरुमा बाहिरबाट कामदार ल्याए-नल्याएको र कामदारहरुको स्वास्थ्य सुरक्षामा उचित ध्यान दिए नदिएको अनुमगन गर्न स्थानीय तहमा सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा प्रहरीको समेत सहभागिता रहने गरी अनुमगन समिति बनाई अनुगमन गर्ने ।

(ख) साविक देखि नै व्यवस्थापन हुदै आएका सार्वजनिक क्वारेन्टीनहरुलाई थप व्यवस्थित बनाई विदेश तथा अन्य जिल्लाबाट आएका सबै मानिसहरुलाई क्वारेन्टीनमा राख्ने । सार्वजनिक क्वारेन्टिनमा बस्न नसक्ने बिरामी, जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालिका र अशक्त व्यक्तिलाई मात्र घरमा स्वास्थ्य सम्बन्धी मापदन्ड पालना गर्न सक्ने अवस्था भएको सुनिश्चित गरी होम क्वारेन्टीनमा राख्ने । होम क्वारेन्टीनमा बस्ने मानिसको संख्यालाई सके सम्म कम गर्ने ।

(ग) जिल्ला स्वास्थ्य कार्यालय संगको समन्वयमा कन्ट्याक्ट ट्रेसिङ्ग र स्वाब संकलन गर्ने ।

(घ) कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थानीय रेडियोबाट सूचना संप्रेषण माइकिङ्ग लगायतका कार्य गरी जनचेतना अभिवृद्धि गर्ने । त्यस्तो सूचना पालना भए नभएको अनुमगन गर्ने ।

(ङ) आफ्नो क्षेत्रमा संचालित उद्योग, व्यापारिक प्रतिष्ठान र निजी व्यवसायका लागि अन्य जिल्ला र छिमेकी मूलुकबाट आएका मानिसहरुको बारेमा विवरण माग गर्ने । तिनीहरुलाई क्वारेन्टिनमा राख्न र स्वास्थ्य सम्बन्धी मापदन्ड पालना गर्न लगाउने ।

२. उद्योग तथा व्यापारिक प्रतिष्ठानहरुमा आफूखुशि अन्य जिल्लाहरुबाट कामदारहरु ल्याइएको र कतिपय उद्योगहरुमा छिमेकी राष्ट्रहरुबाट आएका कामदारहरु रहेका भन्ने सूचना प्राप्त भएकोले सबै उद्योग तथा व्यापारिक प्रतिष्ठानहरुलाई अर्को सूचना नभए सम्मका लागि स्थानीय तह र प्रशासन कार्यालयको पूर्वस्वीकृति विना बाहिरबाट कामदार नल्याउन, हाल कार्यरत रहेका अन्य जिल्ला र छिमेकी मूलुकका कामदारहरुको यथार्थ विवरण फरक नपर्ने गरी ३ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा अनिवार्य रुपमा पेश गर्न निर्देशन दिने । कामदारहरुलाई क्वारेन्टीनमा राखे नराखेको, स्वास्थ्य सम्बन्धी मापदन्ड पालना गरे-नगरेको विषयमा सम्बन्धित स्थानीय तह र जिल्लास्तरबाट अनुगमन गर्ने ।

नारायण प्रसाद भट्टराई
प्रमुख जिल्ला अधिकारी

३. बैंक तथा वित्तिय संस्था र सरकारी कोषहरुमा कोभिड १९ को संक्रमणको जोखिम नहुने (सेवाग्राही बढि भिड नहुने र सामाजिक दुरी कायम हुने) गरी सेवा प्रबाहको व्यवस्था मिलाउन लगाउने ।

४. राजनीतिक दल संघसंस्था लगायत सबैले २५ जना भन्दा बढि मानिस भेला भएर गरिने बैठक, आमसभा, साधारण सभा लगायतका कुनै पनि कार्य नगर्ने ।

५. अन्य जिल्लाबाट लुकिछिपि आउने प्रवृति रोक्न र जिल्ला भित्र समेत रातिको समयमा मानिसहरुको आवागमन नियन्त्रण गर्न बेलुकी ९:०० बजे पछि विहान ५:०० बजे सम्म लामो दुरीका सवारी साधन बाहेक जिल्ला भित्र गुडने सवारी साधन र मानिसहरुको पैदल आवागमनमा रोक लगाउने ।

६. कोभिड १९ को संक्रमण देखा परेका स्थानहरुमा तत्काल कन्ट्याक्ट ट्रेसिङ्ग र समुदाय स्तरमा RT-PCR परीक्षण बृर्दि गर्ने ।

७. चियापसलहरुमा वसेर चिया खाने प्रबृतिलाई निरुत्साहित गर्ने र खाजाघर तथा राजमार्ग क्षेत्रका पसलहरुलाई प्याकेटमा खाना खाजा प्याक गरी प्रदान गरिने टेक अवे सेवा दिन लगाउने । होटलहरुमा वसेर खाना, खाजा खाने प्रवृतिलाई निरुत्साहन गर्ने । राति ९:०० बजे पछि विहान ५:०० बजे सम्म सेवाग्राहीलाई दिने सेवा बन्द गर्न लगाउने ।

८. विगतमा सबै स्थानीय तहबाट स्थानीय स्तरमा क्वारेन्टीन व्यवस्थापन, होल्डिङ्ग सेन्टर तथा भारतीय सीमा विन्दुबाट सवारी साधन रिजर्भ गरी विदेशबाट फर्केका नेपाली ल्याउने कार्य प्रभावकारी रुपमा व्यवस्थापन गरेको कारण जिल्लामा कोभिड १९ को संक्रमण रोकथाममा उल्लेख्य उपलब्धी हासिल भएको निश्कर्ष निकालियो ।.आगामी केहि समय क्वारेन्टीन व्यवस्थापन गर्न जरुरी देखिएको र सो का लागि लाग्ने खर्च नियमित बजेटबाट मात्र धान्न कठिन परेकोले सो का लागि स्थानीय तहमा थप अनुदानको आवश्यक व्यवस्था हुन संघीय सरकार तथा प्रदेश सरकारसंग अनुरोध गर्ने ।

९. आम नागरिकहरुमा कोभिड १९ बाट बच्न अपनाउनुपर्ने व्यवहार( मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, जथाभावी हिडडुल नगर्ने जस्ता कार्य) मा हेलचेक्राई बढी पाइएकोले त्यसो नगर्न र आफ्नो स्वास्थ्य सुरक्षाका लागि आफै सचेत हुन सूचना प्रवाह गर्ने । हेलचेक्राई गर्ने उपर कानुन बमोजिम कारबाही गर्ने ।

१०. अन्य जिल्ला तथा छिमेकी मूलुकबाट प्रवेश पास विना प्रवेश गर्न सक्ने मानिसहरुका कारण कोभिड १९ को संक्रमणको जोखिम बढेको देखिएकोले त्यसरी प्रवेश गर्न नदिन जिल्ला प्रवेश गर्ने नाकाहरुमा हुने गरेको चेकजाँचलाई थप प्रभावकारी बनाई निरन्तरता दिने । विदेशबाट आउने नेपालीहरुलाई होल्डिङ्ग सेन्टर मार्फत सम्बन्धित स्थानीय तहसंग समन्वय गरी क्वारेन्टीनमा पुर्याउने ।

नारायण प्रसाद भट्टराई
प्रमुख जिल्ला अधिकारी